भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**प्रस्तावहरु**

**प्रस्ताव नं. १** : रोजगार बैंकको अध्यक्ष र मुख्य व्यवस्थापक सम्वन्धमा ।

**प्रस्ताव नं. २** : खानेपानी तथा सिंचाई पूर्वाधार निर्माण सम्वन्धी मापदण्ड सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : नगर प्रहरी सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : संविधान दिवस सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : विस्तृत परियोजना प्रतिवेदन(डि.पि.आर.)को रकम भुक्तानी सम्वन्धमा ।

## निर्णयहरु :–

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकाको श्रम रोजगार बैंकलाई व्यवस्थित गर्ने कार्यविधि, २०७६ को दफा ३ को उपदफा (४) वमोजिम श्रम रोजगार बैंकको अध्यक्ष र मुख्य व्यवस्थापक एक/एक जना नियुक्त गरी रोजगार बैंकबाट सञ्चालन हुने योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना मार्फत सञ्चालन गरिने खानेपानी तथा सिंचाईका योजनाहरु र गाउँपालिकाबाट संचालन गरिने अन्य खानेपानी तथा सिंचाई योजनाहरु कार्यान्वयन गर्दा नेपाल सरकार, खानेपानी तथा ढल निकास विभागबाट स्वीकृत मापदण्डमा रही खानेपानी तथा सिंचाई योजनाका निर्माण कार्यहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयनमा सहयोग गर्न, सम्पत्तिको सुरक्षा र संरक्षण गर्न तथा गाउँपालिकामा सुरक्षा, विपद व्यवस्थापन सम्वन्धी कार्यमा सहयोग पुर्‍याउन र गाउँपालिकाबाट गरिने नियमन तथा अनुगमनका कार्यमा सहयोग गर्नको लागि नगर प्रहरी राख्न आवश्यक भएकोले गाउँसभाबाट स्वीकृत दरबन्दी वमोजिम तपसिल वमोजिमको नगर प्रहरी पदमा विज्ञापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १. | प्रहरी सहायक निरीक्षक | १ |
| २. | हवल्दार | १ |
| ३. | सिपाही | ३ |